२०७९ सालको कार्यविधि नं. ११

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | संख्याः ११ | मितिः२०७९।१०।१२

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविध, २०७८ को पहिलो संशोधन कार्यविधि, २०७९

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि संशोधन गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम हेटौंडा उपमहानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ को पहिलो संशोधन कार्यविधि, २०७९" रहेको छ ।

**२. दफा ७ को उपदफा ११ थपः** दफा ७ को उपदफा (११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् वा सङ्कलनसँग सम्बन्धित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा जिल्ला समन्वय समिति समक्ष स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र